नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**योजना तथा अनुगमन शाखा**

☎ ४२००३२३
४२००३२२

**सिंहदरबार, काठमाडौं**

पत्र संख्या : २०७५/७६
च.नं. : ४०५

मिति: २०७५।०९।२७

श्री स्थानीय तह सबै ।

**विषयः- आयोगको निर्णय सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प.सं. प्रशासन २०७५/७६, च.नं. ५४३/५४१ , मिति २०७५/०९/१९ को पत्र साथ प्राप्त आयोगको निर्णय (पूर्ण वैठकको) यसै पत्रसाथ संलग्न रहेको छ। निर्णयमा उल्लेखित विषयहरु अवगत गर्नुभई सवै स्थानीय तहहरुले उक्त निर्णयमा उल्लेख भए वमोजिम राष्ट्रिय योजनाको खाका (Framework) संग सामनजस्य कायम हुने गरी तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा उल्लेखित व्यवस्था समेत मध्यनजर गरि आ-आफ्नो आवधिक तथा वार्षिक योजना, कार्यक्रमहरु तर्जुमा एवंम कार्यान्वयन गर्नहुन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – वेबसाईटमा अपलोड गर्नुहुन ।

............................................
(कमल प्रसाद दाहाल)
शाखा अधिकृत

## छलफल तथा निर्णय

क. **सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूबाट** बैठकमा प्राप्त मार्गनिर्देशन एवम् माननीय उपप्रधानमन्त्रीज्यूहरु तथा माननीय मन्त्रीज्यूहरुबाट प्राप्त सुझावहरुलाई अवलम्बन गर्दै नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१) तर्जुमा गर्ने ।

**ख. नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१) तर्जुमा**

१. नेपालको दीर्घकालीन सोच (वि.सं.२१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१) को आधारपत्र तयारी सम्बन्धमा हालसम्म भएको प्रगतिको जानकारी भयो ।

२. नेपालको दीर्घकालीन सोच (वि.सं.२१००) र पन्ध्रौं योजनाको तर्जुमाको क्रममा विषय क्षेत्रगत मन्त्रालयबाट पूर्ण अपनत्व लिई राष्ट्रिय योजना आयोगलाई सहयोग गर्ने । दीर्घकालीन सोच र पन्ध्रौं योजनाले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय सोच हासिल गर्ने गरी योजना तर्जुमा गर्ने । राष्ट्रिय योजनाका खाका (Framework) भित्र रहेर प्रदेश र स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र योजना बनाउने ।

३. राष्ट्रिय योजना आयोगले २०७५ माघ मसान्तभित्र राष्ट्रिय विकास परिषद्बाट अनुमोदन गर्ने गरी पन्ध्रौं योजनाको आधारपत्र तयारीको कार्य सम्पन्न गर्ने गरी अगाडि बढाउने । यस योजनाको आधारपत्रमा मन्त्रालय/निकाय, प्रदेश, स्थानीय तह र अन्य सरोकारवालाहरुसँग समेत सुझाव लिई अन्तिम रूप प्रदान गर्ने ।

**ग. दिगो विकास लक्ष्य**

१. दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति बारे जानकारी भयो । बैठकमा प्राप्त सुझाव समावेश गरी परिमार्जनसहित स्वीकृत गरियो ।

२. दिगो विकास लक्ष्यको वित्तीय आवश्यकता आँकलन, लागत अनुमान तथा वित्तीय रणनीतिलाई नेपालको दीर्घकालीन सोच (वि.सं.२१००), पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१), मध्यमकालीन खर्च संरचना र आर्थिक वर्ष २०७५/७६ को आगामी बजेट तथा कार्यक्रम तर्जुमामा क्रमशः आन्तरिकीकरण गर्दै जाने ।

**घ. राष्ट्रिय तथ्यगत विवरण**

१. राष्ट्रिय तथ्यगत विवरण तयारी कार्य २०७५ फागुन मसान्तभित्र सम्पन्न गर्ने ।

२. राष्ट्रिय तथ्यगत विवरणमा रहेका तथ्याङ्कलाई योजना, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उपयोग गर्ने गराउने ।

३. राष्ट्रिय तथ्यगत विवरणलाई क्रमशः खुला तथ्याङ्क (Open Data) प्रणालीका रूपमा विकास गर्ने ।